का.जि.प्र.का.द.नं. १००/०५९/६०

५ असार २०८१,
बुधबार
19 June 2024,
Wednesday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

वर्ष २२, अंक १२७ । पृष्ठ १० | Madhyanha National Daily | www.madhyanhadaily.com

# संसदमै च्यातियो बजेट खुद्रे योजनाविरुद्ध आक्रोश

भौतिक पूर्वाधार मन्त्रालयकै बजेट मन्त्री र शीर्ष नेता केन्द्रित भएपछि सांसदहरुले बजेटको पुस्तिका च्याते, मन्त्रीलाई पाँच रुपैयाँ दिए, बजेट माग गर्नका लागि दिएको पेपर खर्च मागे ।



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ४ असार ।

मंगलबार प्रतिनिधि सभाको बैठकमा प्रधानमन्त्री कार्यालय, गृह मन्त्रालय, परराष्ट्रसहित भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको बजेटमाथि छलफल थियो ।

छलफलमा भाग लिने अधिकांश सांसदहरु भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको बजेटप्रति खनिए । भौतिक पूर्वाधार मन्त्रालयकै बजेट मन्त्री र शीर्ष नेता केन्द्रित भएपछि सांसदहरुले बजेटको पुस्तिका च्याते, मन्त्रीलाई पाँच रुपैयाँ दिए, बजेट माग गर्नका लागि दिएको पेपर खर्च मागे ।

भौतिक पूर्वाधारमन्त्रीले एकलौटी ढंगले आफ्नो क्षेत्रमा केन्द्रित बजेट विनियोजन गरी विभेद गरेको आरोप लगाउँदै राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का अध्यक्ष राजेन्द लिङ्देनले संसदको रोष्ट्रममै भौतिक पूर्वाधार मन्त्रालयको बजेटको प्रति च्याते ।

सामान्यतया आफू कम आक्रोश पोख्ने, कम रिसाउने मान्छे भएता पनि भौतिक पूर्वाधार मन्त्रालयको बजेटले साह्रै तताएको बताए ।

'जब भौतिक पूर्वाधार मन्त्रालयको बजेटको पुस्तिका हातमा पर्‍यो त्यो दन देखि म यसरी तातिएको छु कि यसरी च्यातेर हुत्याउने मन छ' भन्दै उनले बजेटको पुस्तिका च्याते ।

संसदीय मर्यादा विपरित हुन्छ भनेर कहाँ हुत्याउनुपर्ने त्यहाँ (मन्त्री भए ठाउँमा) नपुर्‍याएर यहाँ (पोडियम)राख्छु' उनले भने ।

पहुँचका आधारमा बजेट बाँडिएको र विनियोजनमा विभेद भएको भन्दै उनले बजेटको पुस्तिका च्यातेका हुन् ।

अध्यक्ष लिङ्देनले भौतिक पूर्वाधार मन्त्रालयको बजेटको प्रति च्यातेपछि राप्रपा र प्रमुख प्रतिपक्षी नेपाली सांसदहरुले टेबुल ठोकेर समर्थन गरे ।

'यो मेरो मात्रै मनको कुरा होइन । अहिले त्यस्तो कुनै नाप्ने चीज रहेछ भने यो हलभित्र रहेका जुनसुकै पार्टीको भएपनि चार वटा निर्वाचन क्षेत्र देखि बाहेकको सबै प्रतिनिधि सभा सदस्यहरुको मनको कुरा हो' उनले भने ।

राप्रपाकै सांसद ज्ञानेन्द्र शाहीले मन्त्रीले धनुषा र झापामा भन्दा कम बजेट सिंगो कर्णाली प्रदेशमा विनियोजन गरेको भन्दै रोष प्रकट गरे । मन्त्रीले आफ्नो >>> पृष्ठ २ मा

# मिहिनेती महिलाहरु



दाङ घोराहीका महिलाहरु । दिनभर खेतबारीमा काम गर्ने, तरकारी र अन्न उत्पादनमा लाग्ने, सिजन अनुसार उत्पादित कृषिजन्य बजारमा लगेर आफैं बिक्री गर्ने गर्छन् ।

**सपना बोहरा/मध्यान्ह**
दाङ, ४ असार ।

मेहनत गर्नेका लागि नेपालमै अवसर छ र परिवार सँगै रहेर पनि खुसीसाथ जीवनयापन गर्न सकिन्छ उदाहरण बनेका छन् - दाङ घोराहीका महिलाहरु । दिनभर खेतबारीमा काम गर्ने, तरकारी र अन्न उत्पादनमा लाग्ने, सिजन अनुसार उत्पादित कृषिजन्य बजारमा लगेर आफैं बिक्री गर्छन् ।

एक हुन- घोराही उपमहानगरपालिका-८ कि सुनिता चौधरी । उनी बिहानै घरबाट निस्किन्छिन् । उनी छिटुवा र बोरा भरी तरकारी लिएर घोराही बजार झर्छिन् ।

कहिले सवारी साधनमा तरकारी लिएर आउँछिन त कहिले अटो रिजर्भ गर्छिन् । बिहानको चार बजे घोराहीको बालमन्दिर स्कुल नजिकैको चोकमा तरकारी बेच्न थाल्छिन् ।

उनी सङै अन्य महिलाहरु पनि तरकारी बेचिरहेका हुन्छन् ।

बिहानको झिसमिसे उज्यालो अनि सडक बत्तिको प्रकाशले जो कोहिलाई पनि छुट्टै सितलता महसुस हुन्छ । छिटुवामा गाउँ बजारमा डुलाउदै तरकारी बेच्ने गरेकी उनी हिजो आज सडक छेउमा बसेर तरकारी बेच्छिन् । आफ्नौ बारीमा बेमैसमी तरकारी भिन्डी, लौका, खुर्सानी, करेला लगयतका तरकारी लिएर बेच्न आउँछिन । 'दिनभरी खेत बारीमा समय बित्छ, बिहान बजारमा लिएर बेच्न जान्छ' चौधरीले भनिन्, 'तरकारी बेचेपछी पैसा आउँछ, घर व्यबहार चलाउन सजिलो भएको छ । बिहानको समयमा तरकारी बेचेर मात्र चार पाच हजारको आम्दानी हुने गरेको उनले बताइन् ।

घोराही उपमहानगरपालिका १८ बाम्लाकी ढाटी राघु झन पनि छिमेकिको तरकारी लिएर भएपनि बेच्न बिहानै आउँछिन् । 'आफ्नो बारीको पहिलो लटको करेला, भन्टा बेचिसकैं अब भिण्डी बोडी तयार हुँदै छ राघुले भनिन् ।

छिमेकबाट ल्याउने तरकारीमा केही नामा लिएर उनी उपभोक्तालाई दिन्छिन् । उनी बाम्ला देखि ३ घण्टा पैदल हिडेर तरकारी बेच्न आउँछिन् ।

तरकारी बेचेर ४ जनाको परिवार पालिएको उनले सुनाइन् । बिहानको समयमा तरकारी बेचेर ८ हजार सम्म आम्दानी गर्ने गरेको उनले सुनाइन्। गर्मी समयमा बेमौसमी तरकारी फलाउँदा राम्रो आम्दानी हुने उनको अनुभव छ ।

बिहानको समयमा धेरै तरकारी बिक्ने गरेको घोराही उपमहानगरपालिका १० नारायणपुर कि देबि बस्नेत बताउँछिन् ।

बिहानको समयमा धेर जसो सहरका मानिसहरु सडकमा हिड्न निस्केका हुन्छन् । बस्नेतले भनिन, 'केही न केही तरकारी किनेर लैजान्छन ।'

गाउमा बस्तुभाउलाई दिइने माटे, सम्धिनी साग बजारमा बिक्ने गरेको उनले बताइन । सुनिता, ढाटी र देबि त उदाहरणका पात्र मात्र हुन । घोराही बजारमा दुर दराजका बस्ती देखि तरकारी बेच्न आउने गरेका छन् ।

बजारमा नपाइने तरकारी तथा फलफूलहरुको कमै होलान् । गाउँका बारीमा वास्तै नगरिने >>> पृष्ठ २ मा

# घरजग्गा क्षेत्रको कर्जा ५ खर्ब नाघ्यो, निष्क्रिय कर्जा पनि उस्तै

**मनीषा अवस्थी/मध्यान्ह**
काठमाडौं, ४ जेठ ।

घर जग्गा तथा रियलस्टेट क्षेत्रमा बैंक तथा वित्तीय क्षेत्रको ठूलो लगानी रहेको छ । चालू आर्थिक वर्षको बैशाखसम्मको अवधिमा घरजग्गाको क्षेत्रमा वाणिज्य बैंकहरूले गरेको ऋण लगानी ५ खर्ब २५ अर्ब ८४ करोड नाघिसकेको छ । कर्जासँगै घरजग्गा क्षेत्रमा भएको निसकृय लगानी पनि बढ्दै गएको कर्जा सूचना केन्द्रले जनाएको छ । तथ्यांक अनुसार चालू आर्थिक वर्षको १० महिनाको अवधिमा २ लाख ७९ हजार ५ सय ५० जना व्यक्ति तथा संस्था कालोसूचीमा परेको तथ्यांक छ । कालो सूचीमा पर्नेहरूमध्ये करिब ७० प्रतिशत घरजग्गा तथा रियलस्टेट कर्जा भएका व्यक्तिहरू रहेको स्रोत बताउँछ ।

घरजग्गा तथा रियलस्टेट क्षेत्रमा उच्च मुनाफको अपेक्षासहित लगानी गरे पनि आर्थिक मन्दस्का कारण अपेक्षाकृत प्रतिफल नआएपछि निष्कृय कर्जाको संख्या बढेको हो । विज्ञहरूकाअनुसार घर जग्गा क्षेत्रमा बढेको उच्च कर्जाकै कारण बैंक तथा वित्तीय क्षेत्रमा कालो सूचीमा पर्नेहरूको संख्यामा ह्वात्तै बृद्धि भएको छ । रियलस्टेट व्यवसायी ईश्वर खरेल भन्छन्, 'घर जग्गा तथा रियलस्टेट क्षेत्रमा व्यवसायिक रूपमा काम गरिरहेकाहरूले उच्च अपेक्षा राखी लगानी गरेका थिए । तर, लामो समयदेखि कारोबार हुन नसक्दा रिण तिर्न सकेका छैनन् । जसले गर्दा कयौं व्यक्तिहरू कालोसूचीमा परेका छन् ।' चालू आर्थिक वर्षको १० महिनामा मात्रै घरजग्गामा २८ अर्ब ५३ करोड ८० लाख रूपैयाँ ऋण गएको छ । गत आर्थिक वर्षको अन्त्यमा २० वटा बाणिज्य बैंकहरूले घरजग्गा तथा रियलस्टेट क्षेत्रमा गरेको लगानी ४ खर्ब ९३ अर्ब ३० करोड ३० लाख रूपैयाँ थियो । चालू आर्थिक वर्षको बैशाखसम्ममा यस्तो लगानी ५ खर्ब २५ अर्ब ८४ करोड नाघिसकेको छ ।

कुल लगानीमध्ये बैंकले व्यक्तिगत आवासीय कर्जामा बढी लगानी गरेका छन् । बैशाखसम्मको अवधिमा उक्त शिर्षकमा ३ खर्ब १२ अर्ब ६३ करोड रूपैयाँ पनि बढी ऋण लगानी गरेका छन् भने रियलस्टेट शिर्षकमा २ खर्ब १३ अर्ब २० करोड भन्दा बढी लगानी गरेका छन् ।

'क' वर्गका वाणिज्य बैंक, 'ख' वर्गका विकास बैंक र 'ग' वर्गका फाइनान्स कम्पनीले मात्र घर जग्गामा लगानी गर्न पाउने प्रावधान छ । हालसम्म घर जग्गामा सबैभन्दा धेरै ऋण लगानी गर्ने बैंकको पहिलो नम्बरमा एनआईसी एशिया बैंक रहेको छ । एनआईसीले हालसम्म ९० अर्ब ६५ करोड रूपैयाँ घरग्गा तथा रियलस्टेटमा लगानी गरेको तथ्यांक छ । अर्ब ८ एनआइसीले व्यक्तिगत आवासीय कर्जा ६१ अर्ब ४२ करोड र रियलस्टेट कर्जामा २९ अर्ब २२ करोड ऋण प्रवाह गरेको छ ।

भरेष्ट बैंकले व्यक्तिगत अवासिय घरकर्जा २० अर्ब ८९ करोड र रियलस्टेट कर्जा ३ अर्ब ५७ करोड रुपैयाँ प्रवाह गरेको छ । सरकारी स्वामित्वको राष्ट्रिय वाणिज्य बैंकले व्यक्तिगत अवासिय घर कर्जा १४ अर्ब २९ करोड र रियलस्टेट कर्जा ८ अर्ब ८१ करोड लगानी गरेको छ । त्यसैगरी नबिल बैंकले पनि घरजग्गा तथा रियलस्टेट क्षेत्रमा ठूलो लगानी गरेको उक्त बैंकले ४८ अर्ब ५ करोड रूपैयाँ यो क्षेत्रमा बैशाखसम्मको अवधिमा लगाइसकेको छ ।

घरजग्गा तथा रियलस्टेट क्षेत्रमा सबैभन्दा कम घर कर्जा प्रवाह गर्ने वाणिज्य बैंक एनआइसी बैंक रहेको छ । उक्त बैंकले बैशाखसम्मको अवधिमा ७ अर्ब ३ करोड घरजग्गा तथा रियलस्टेट क्षेत्रमा ऋण लगानी गरेको तथ्यांक छ ।

चलू आर्थिक वर्षमा २ करोड रुपैयाँसम्मको कर्जालाई राष्ट्र बैंकले व्यक्तिगत आवासीय कर्जा भन्ने गरेको छ । यसबाहेक विकास >>> पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# संस्था नवीकरणका लागि विभागले माग्यो कागजात

**मध्यान्ह संवाददाता**
काठमाडौं, ४ असार

वैदेशिक रोजगार विभागले वैदेशिक रोजगारसँग सम्बन्धित सबै संस्थाको नवीकरण शुरु गरेको छ । विभागले एक सूचना जारी गरी म्यानपावर कम्पनीसहित घरेलु कामदार तालिम प्रदायक, केयरगिभर तालिम प्रदायक र सीपमूलक तालिम प्रदायक संस्था र अभिमुखीकरण तालिम प्रदायक संस्थाहरुलाई नवीकरणका लागि तोकिएको दस्तुरसहित निवेदन दिन आह्नान गरेको छ। विभागले नवीकरण अनलाइनमार्फत हुने बताएको छ ।

विभागले आगामी आर्थिक वर्षको नवीकरणका लागि म्यानपावर कम्पनीहरुले आर्थिक वर्ष २०७९/०८० मा पूर्व तथा अन्तिम श्रम स्वीकृतिको संख्या, कामदार उडाएको संख्या, अन्तिम श्रम स्वीकृति लिएर उडाउन बाँकी संख्या, >>> पृष्ठ २ मा

## देउवालाई वैदेशिक रोजगारका पछिल्ला समस्याबारे अवगत



**काठमाडौं/मस-** नेपाली कांग्रेसका सभापति तथा प्रमुख प्रतिपक्षी दलका नेता शेरबहादुर देउवाले वैदेशिक रोजगार क्षेत्रको सुरक्षाका लागि पार्टीले संसदमा प्रभावकारी भूमिका निभाउने आश्वासन दिएका छन् । >>> पृष्ठ २ मा

**विज्ञापन रकम भुक्तानीबारे अत्यन्त जरूरी सूचना**

यस **मध्यान्ह मिडिया प्रा. लि.** मार्फत विभिन्न पत्रपत्रिकामा विज्ञापन प्रकाशित गरी कारोबार गर्दै आउनुभएका केही विज्ञापनदाताहरुले विज्ञापन प्रकाशित गरे वापत हालसम्मको बाँकी बक्यौता रकम अझै नबुझाउनु भएकोले यही मिति २०८१ असार १५ गतेभित्र भुक्तानी गर्नुहुन सूचित गरिन्छ ।

अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्योट तथा मिलान नगरिएमा यस प्रा. लि.को रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने र हाल उपलब्ध गराइएको छुट सुविधासमेत उपलब्ध नगराइने तथा रकम भुक्तानी नगर्ने संस्था/व्यक्तिहरुको नाम सार्वजनिक गरी रकम भुक्तानीका लागि कानूनबमोजिम कारबाही अगाडी बढाइने व्यहोरासमेत यसै सार्वजनिक सूचनामार्फत जानकारी गराइन्छ ।

**लेखा शाखा**
**मध्यान्ह मिडिया प्रा. लि.**
गोगंबु, काठमाडौं
Email: ad.madhyanha@gmail.com

**विज्ञापन रकम भुक्तानीबारे अत्यन्त जरूरी सूचना**

यस **मध्यान्ह राष्ट्रिय दैनिक**मा विज्ञापन प्रकाशित गरी कारोबार गर्दै आउनुभएका केही विज्ञापन एजेन्सी तथा विज्ञापनदाताहरुले विज्ञापन प्रकाशित गरे वापत हालसम्मको बाँकी बक्यौता रकम अझै नबुझाउनु भएकोले यही मिति २०८१ असार १५ गतेभित्र भुक्तानी गर्नुहुन सूचित गरिन्छ ।

अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्योट तथा मिलान नगरिएमा यस **मध्यान्ह राष्ट्रिय दैनिक**को रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने र हाल उपलब्ध गराइएको छुट सुविधासमेत उपलब्ध नगराइने तथा रकम भुक्तानी नगर्ने विज्ञापन एजेन्सी/संस्था/व्यक्तिहरुको नाम सार्वजनिक गरी रकम भुक्तानीका लागि कानूनबमोजिम कारबाही अगाडी बढाइने व्यहोरासमेत यसै सार्वजनिक सूचनामार्फत जानकारी गराइन्छ ।

**लेखा शाखा**
मध्यान्ह
Madhyanha National Daily राष्ट्रिय दैनिक
कमलपोखरी, काठमाडौं
०१५३२६३६६, ०१५३२८२९८
madhyanhadaily59@gmail.com
ad.madhyanha@gmail.com
www.madhyanhadaily.com

# ‘चिकित्सा शिक्षा क्षेत्रमा देखिएका समस्या समाधान गर्न समन्वय र सहकार्य आवश्यक’

**काठमाडौं/मस**-प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ ले चिकित्सा शिक्षा क्षेत्रमा देखिएका समसामयिक समस्या तथा चुनौतीहरूलाई आपसी समन्वय र सहकार्यमा समाधान गर्नुपर्नेमा जोड दिएका छन् । चिकित्सा शिक्षा आयोगको बैठकलाई मंगलबार सम्बोधन गर्दै प्रधानमन्त्री दाहालले स्वास्थ्य सेवाको गुणस्तर सुधार तथा चिकित्सा शिक्षामा पहुँच कायम गर्नका लागि तीनै तहका सरकार, चिकित्सा शिक्षा प्रदान गर्ने शैक्षिक संस्था र स्वास्थ्य क्षेत्रका सबै सरोकारवालाहरूबीच सहकार्य आवश्यक रहेको बताए ।

उनले भने, ‘मुलुकको वस्तुगत आवश्यकताका आधारमा गुणस्तरीय चिकित्सा सेवा उपलब्ध गराउनु राज्यको दायित्व हो । स्वास्थ्य क्षेत्रको गुणस्तर सुधार, विकास, विस्तार तथा नियमनमा आयोगबाट प्रभावकारी भूमिका निर्वाह हुनुपर्ने आवश्यकता छ । यस कार्यमा अरु सबै सरोकार भएकाहरुले पनि सहयोग तथा सहकार्यमा गर्नुपर्छ ।’



प्रधानमन्त्री दाहालले आयोगबाट सम्पादित कार्यलाई चिकित्सा शिक्षा र सेवा प्रवाह सुधारको सकारात्मक एवं अभिन्न पाटोका रूपमा लिएको समेत बताए ।

**बिएन्डसीलाई सम्बन्धन दिने निर्णय**

यसैबीच चिकित्सा शिक्षा आयोगले झापामा रहेको बिएन्डसी अस्पताललाई मेडिकल कलेजको सम्बन्धन दिने निर्णय गरेको छ । आयोगको बैठकले अदालतको परमादेश अनुसार नै बिएन्डसीलाई सम्बन्धन दिने निर्णय गरेको हो ।

सर्वोच्च अदालतले काठमाडौं विश्वविद्याल र चिकित्सा शिक्षा आयोगका नाममा जेठ २४ गते परमादेश जारी गर्दै १५ दिनभित्र सम्बन्धन दिन आदेश दिएको थियो । उक्त परमादेशपछि काठमाडौं विश्वविद्यालय कार्यकारी समितिको जेठ २७ गते बसेको बैठकले चिकित्सा शिक्षा आयोगलाई सम्बन्धन दिन सिफारिससहितको पत्र पठाएको थियो ।

चिकित्सा शिक्षा सुधारका अभियान्ता प्रा.डा.गोविन्द केसीले भने अदालतको परमादेशको न्यायिक पुनरावलोकनको माग राख्दै आएका छन् । उनले न्यायिक पुनरावलोकनको प्रक्रिया शुरु गर्न आफूले चिकित्सा शक्षा आयोगलाई बारम्बार अनुरोध गर्दा पनि कुनै कदम चालेको नदेखिएको भन्दै अनसन बस्ने चुनौती दिएका छन् ।

# तीन महिनामा ८ सय २५ शिक्षकद्वारा दल त्याग

**काठमाडौं/मस**-शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सुमना श्रेष्ठले शिक्षा क्षेत्रलाई दलीय राजनीतिमुक्त बनाउने निर्णयबाट पछि नहट्ने बताएकी छन् ।

मन्त्रालयको जिम्मेवारी सम्हालेको सय दिनमा प्राप्त उपलब्धि सार्वजनिक गर्न मंगलबार सिंहदरबारमा आयोजित पत्रकार सम्मेलनमा मन्त्री श्रेष्ठले दलीय हस्तक्षेपले गुणस्तरीय शिक्षामा नकारात्मक प्रभाव पार्ने भएकाले आफूले गरेको निर्णय र प्रतिबद्धताबाट पछि नहट्ने स्पष्ट पारिन् । उनले विश्वविद्यालयमा नियुक्ति गर्दा योग्यताक्रमलाई आधार मान्न थालिएको र आफ्नो निर्देशनपछि राजनीतिक दलको सदस्यता लिएका आठ सय २५ शिक्षकले सदस्यता त्यागेको जानकारी दिइन् ।

यसबीचमा दलीय सदस्यता लिएका ४५ शिक्षकविरुद्ध मन्त्रालयमा उजुरी आएकामा ४१ जनासँग स्पष्टीकरण लिइएको र चार जनाले सफाइ पाएको मन्त्री श्रेष्ठले बताइन् ।

‘गुणस्तरी शिक्षाका लागि हामी सबैले आआफ्नो क्षेत्रबाट सकारात्मक सहयोग गर्नुपर्ने आवश्यकता छ । मैले नेतृत्व सम्हालेपछि त्यही भावनाका साथ काम सुरु गरिएको छ । त्यसको परिणाम पनि विस्तारै देखिन थालेको छ । अहिले शिक्षकहरूले पनि हाम्रो उद्देश्य बुझेर सदस्यता त्याग्न थाल्नुभएको छ । अन्तिमसम्म पनि त्यो निर्णय कार्यान्वन गर्न म प्रतिवद्ध छु’, उनले भनिन् । मन्त्री श्रेष्ठले विद्यार्थीको परिचयपत्र नम्बरलाई शैक्षिक सूचना व्यवस्थापन प्रणालीमा आबद्ध गरिने, पाठ्यपुस्तक पुन:प्रयोगका लागि नीति तथा कार्यक्रममा समावेश गरिएको, करियर काउन्सेलिङ कार्यक्रम सञ्चालन गरिएको, पाठ्यक्रममा जनसहभागिता, दिवा खाजालाई प्रभावकारी र गुणस्तरयुक्त बनाउन पहल गरिएको, राष्ट्रिय परीक्षा बोर्डको नतिजा प्रकाशनको तालिका बनाइएको लगायत सुधारका विषय सार्वजनिक गरिन् ।



यसैगरी विद्यालय शिक्षा विधेयक, २०८० लाई छिटो पारितका लागि संसदीय समितिसँग आग्रह गरिएको, विद्यालय सञ्चालन मापदण्डको मस्यौदामा सुझाव माग गरिएको, शिक्षक सरुवा मापदण्ड लागूगरिएको, शिक्षा नियमावली दशौँ संशोधनका लागि कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयमा रायका लागि पठाइएको, निजी विद्यालयका शिक्षक कर्मचारीको सुविधाका लागि कानुनी प्रबन्धका लागि सर्कुलर गरिएको, शिक्षक दरबन्दी मिलानका लागि अध्ययन शुरु गरिएको, शिक्षक पोर्टल निर्माण सुरु भएको, त्रिभुवन विश्वविद्यालयका अतिक्रमित जग्गाबारे छानबिन गर्न पूर्वसचिव शारदाप्रसाद त्रितालको संयोजकत्वमा समिति गठन गरिएको र विदेशी सम्बन्धन प्राप्त कलेजका सम्बन्धमा अध्ययन गर्न पूर्वसचिव शंकर कोइरालाका संयोजकत्वमा समिति गठन गरिएको पनि त्यसअवसरमा जानकारी दिइन् ।

शिक्षक सरुवा निर्देशिकामा स्थानीय तहसमेतको असन्तुष्टिका विषयमा सोधिएको प्रश्नमा मन्त्री श्रेष्ठले सरुवालाई पारदर्शी र वैज्ञानिक बनाउन सम्बन्धित पक्षसँगको छलफलका आधारमा निर्देशिका ल्याएको र आवश्यकतानुसार परिमार्जन गर्न सकिने जवाफ दिइन् ।

# भारतमा ‘मस्टवान्टेड’ सूचीमा रहेका जैसवाल रौतहटमा पक्राउ

**रौतहट/मस**- भारतीय प्रहरीको ‘मस्टवान्टेड’को सूचीमा रहेका एक जना भारतीय नागरिकलाई रौतहट प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा भारत बिहार राज्य मोतिहारी जिल्ला पुर्वी चम्पारण थाना घोडासहन ग्राम पंचायत बसवरिया वडा नं. २ का २० वर्षीय मोनुकुमार जैसवाल रहेको जिल्ला प्रहरी प्रवक्ता डिएसपी एलिजा गिरीले जानकारी दिएकी छन् । उनलाई अवैध हतियार र गोली गट्टासहित पक्राउ गरिएको हो ।

पक्राउ परेका जैसवाल भारत विहार पूर्वी चम्पारण घोडासहानमा सक्रिय रहेका बाबा गिरोह नामको अपराधिक समुहका सदस्य रहेको खुल्न आएको प्रहरीले जनाएको छ ।

उनलाई रौतहट प्रहरीले असार २ गते मौलापुर नगरपालिका क्षेत्रबाट पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।

गत जेठ २२ गते बिहान साढे १० बजे मौलापुर नगरपालिका ६ पथरा बुधरामस्थित सडक खण्डमा माँ बचत तथा ऋण सहकारी संस्थामा काम गर्ने बौधिमाई ८ का वर्ष २४ का अरबिन्दकुमार दासले १७ लाख झोलामा राखी राष्ट्रिय वाणिज्य बैंकमा जम्मा गर्न विआर ०५ ए एन ८७६२ भारतीय नम्बरको प्लाटिना मोटरसाइकलमा चढी मौलापुरतर्फ गइरहेका थिए ।

सोही क्रममा विपरीत दिशाबाट आएका ३ जना अपरिचित व्यक्तिहरूले उक्त रकम लुटपाट गर्ने उद्देश्यले अरबिन्दकुमार दासलाई पछाडिबाट गोली हानी भागी फरार भएका थिए ।

प्रहरीले अनुसन्धानको क्रममा घटनामा संग्लन अभियुक्तहरू सीमावर्ती भारत बिहार राज्य मोतिहारी जिल्ला पूर्वी चम्पारण घोडाहसनमा सक्रिय रहेको बाबा ग्याङ नामको आपराधिक समूहमा आबद्ध रहेको व्यक्तिहरूसँग साँठगाँठ रहेको निष्कर्ष निकालेको थियो ।

# रुपन्देहीका १२ ट्राभल एजेन्सी कारबाहीमा

**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
रुपन्देही, ४ असार

रुपन्देहीको सीमा क्षेत्रमा दर्ताबिना नै सञ्चालनमा रहेका ट्राभल एजेन्सीहरुलाई कारबाही गरिएको छ । जिल्ला अनुगमन समितिले जरिवानासहित कारबाही अगाडि बढाएको हो । समितिले कारबाही शुरु गरेपछि अहिले एजेन्सीहरु धमाधम दर्ता प्रक्रियामा जान थालेका छन् ।

सिद्धार्थनगर नगरपालिका-१, बेलहियामा ३ र बुटवल ९ इँटाभट्टिमा नौ वटा ट्राभल, इजाजतपत्र विना सञ्चालनमा रहेका तीनवटा ट्राभल एजेन्सीलाई कारबाही गरेपछि अन्य एजेन्सीहरु कानूनी प्रक्रियामा आएको पर्यटन डिभिजन कार्यालय भैरहवाका प्रमुख उपसचिव गिता आचार्यले जानकारी दिइन् ।

रुपन्देहीको सिद्धार्थनगर लगायत विभिन्न ठाउँहरुमा रहेका ट्राभलहरुको अनुगमन गरेको समितिले कुनै पनि सरकारी निकायबाट दर्ता इजाजतपत्र नलिइ बेलहियामा सञ्चालनमा रहेको ग्रिन ल्याण्ड टुर्स प्रा.लि, सी एण्ड के ट्राभल र ओम ट्र्यूली नेपाल ट्राभल्स एण्ड टुर्ससहित १२ वटालाई जरिवानासहित कारबाही गरेपछि अन्य प्रक्रिया पूरा नगरेका ट्राभलहरु धमाधम प्रक्रियामा जान शुरु गरेका हुन् । कारबाहीमा परेका १२ वटै ट्राभल एजेन्सीलाई कारबाही स्वरुप जनही २० हजारका दरले २ लाख ४० रुपैयाँ जरिवाना अनुगमनका बेला तिराएपछि अहिले अन्य ट्राभलहरु सचेत भएको उपसचिव आचार्यको भनाइ छ ।

प्रदेश पर्यटन ऐन, २०७६ तथा नियमावली, २०७९ को परिच्छेद ३ को दफा ११ मा ट्राभल एजेन्सी वा ट्रेकिङ एजेन्सी खोल्नुपूर्व अनुमती लिनपर्ने व्यवस्था रहेकोमा केही कम्पनीले आफुखुसी दर्ता बिना सञ्चालन भएको भेटिएको र अनुमती बिना नै सञ्चालनमा ल्याए २० हजार रुपैयाँ जरिवाना हुने व्यवस्था अनुसार नगद जरिवाना गरिएको उपसचिव गिता आचर्यले दावी गरिन् ।



आचर्यले भनिन्, ‘अहिले हामिले अनुगमनसँगै दर्ताविना नै सञ्चालनमा रहेका ट्राभल एजेन्सीलाई जरिवानासहित कारबाही गर्ने प्रकिया अगाडि बढाएका छौं ।’ अझैँ अटेर गरेमा नियम कानून अनुसार उपभोक्ता हित संरक्षण ऐन २०७५ को दफा ३८ को खण्ड (ट) ले जिल्ला प्रशासनलाई ५० हजार रुपैयाँसम्म जरिवाना गर्नसक्ने व्यवस्था गरेको उनले उल्लेख गरिन् ।

कार्यालय प्रमुख आचार्यका अनुसार अहिले बजारमा आर्थिक शिथिलता देखिएको र व्यवसायी समस्या परेकाले उपभोक्ता हित संरक्षण ऐनअनुसार कारबाही नगरी प्रदेश पर्यटन ऐन अनुसार जरिवाना गरिएको छ । ‘हामीले तीनवटा ट्राभललाई तत्काल बन्द गर्न लगाइ सबै निकायबाट इजाजत लिएपछि मात्रै सञ्चालन गर्न निर्देशन गरेका छौं’, आचर्यले भनिन्, ‘ दर्ता भए/भएनन् भन्नेबारे पुन: अनुगमन गर्नेछौं ।’

उनका अनुसार सीमा क्षेत्रमा ट्राभल खोल्ने तर सरकारी निकायबाट इजाजत नलिने गरेकाबारे गुनासाहरु आएका थिए ।

आचार्यले भनिन्,‘त्यस्ता ट्राभलले एकातर्फ दर्ताविनै काम गर्दा जिम्मेवारीलाई ध्यान दिँदैनन्, भने पर्यटक लगायत अन्य व्यक्ति ठग्न सक्छन्, यसैले हामीले अनुगमनलाई कडाई गरेका छौं ।’ उनले दर्ता तथा नविकरण गरेर कानूनको अधिनमा रही व्यवसाय गर्ने सबैलाई सरकारले संरक्षण गर्ने तर गैरकानूनी तरिकाबाट सञ्चालितलाई कारबाही गरिने जनाइन् ।

पर्यटन डिभिजन कार्यालय भैरहवाले रुपन्देही पाल्पा गुल्मी कपिलवस्तु अर्घाखाँची लगायतका धेरै जिल्लामा विभिन्न खालका सीपमूलक आयआर्जन मूलक आत्मनिर्भर बनाउने, बेरोजगारी समस्या समाधान गर्ने र खास गरी पर्यटनको क्षेत्रमा महत्वपूर्ण मानिने र पर्यटकहरु जिल्लाहरुमा भित्र्याउने खालका कार्यक्रमहरु गर्दै आएको छ । उपसचिव आचार्यले सबै जिल्लामा आफैँ पुगेर अनुगमन गर्ने, सीप सिकेका कुरालाई व्यवहारमा उतार्न प्रोत्साहन गर्ने खालका कामहरु गर्दै आएको बताइन् ।

## संसदमै...

निर्वाचन क्षेत्रमा मात्रै बजेट विनियोजन गरेको भन्दै उनले मन्त्रालयको बजेट नै फिर्ता गरे ।

‘यो किताब मन्त्रीज्यूलाई डाइरेक्ट दिन मिल्दैन । म सभामुखमार्फत सिंगो कर्णालीको तर्फबाट र जुम्लाको तर्फबाट यो बजेट जस्ताको तस्तै फिर्ता लिइदिनुहुन अनुरोध गर्दछु । चाहिँदैन यो बजेट’ उनले भने ।

कांग्रेसका सांसद दिलेन्द्र प्रसाद बडूले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालको बजेट विनियोजनप्रति असन्तुष्टि जनाउँदै रोष्ट्रममै मौन धारण गरे ।

‘मन्त्रीजीलाई यो देशको भुलोगबारे जानकारी छ क छैन भन्ने शंका लाग्यो । जहाँ एक ठाउँबट अर्को ठाउँमा जान भारतको भूमि भएर जानुपर्छ’ सांसद बडूले भने ।

भारतको बाटो हुँदै आवतजावत गर्नुपर्ने बाध्यता अन्त्य गर्नका लागि २०७७ सालबाट तुसारपानी, कोशेधार टिंकर सडक निर्माण सुरु गरिएको उनले स्मरण गरे ।

७९ किलोमिटरको बाटोका लागि आफूले निकै मेहतन गरेको तर, भौतिक पूर्वाधार मन्त्रालयले आगामी आर्थिक वर्षको बजेटमा नसमेटेको भन्दै उनले रोष प्रकट गरे ।

‘पूर्व निर्णयहरु लत्याइयो, त्यो क्षेत्रका प्रति जुन उपेक्षा भयो र सुनुवाइ भएन । त्यसको विरुद्धमा र त्यसको विरोधमा जनताको तर्फबाट प्रतिनिधिको नाताले भन्दा सुनिएन । म केही नभनेर एक मिनेट मौन धारण गर्न चाहन्छु’ बडूले भने ।

एक मिनेट नबोलेरै रोष्ट्रममा उभिएर सांसद बडू आफ्नो सिटमा फर्किए ।

सांसद तेजुलाल चौधरीले सांसद चौधरीले सप्तरीमा एउटा पनि योजनाका लागि बजेट विनियोजन नभएको भन्दै बजेटको रातो किताब फिर्ता गरे ।

सांसद पूर्णबहादुर तामाङले समयमै विकास बजेट कहाँ-कहाँ लाने भनेर छलफल गरेको भए संसदमा बजेटको किताब च्यात्ने र किताब बुझाउने परिस्थिति नआउन सक्थ्यो भने ।

भौतिक पूर्वाधारमन्त्रीले आफ्नो जिल्लामा बजेट केन्द्रित गर्दा र खुद्रे योजना बजेटमा राख्दा संसदमा आक्रोश पोखिएको बताए ।

कांग्रेस सांसद रामहरि खतिवडाले मन्त्रीले आफ्नो निर्वाचन क्षेत्र धनुषा ४ र पत्नी जुलीकुमारी महतो निर्वाचित धनुषा ३ मा बजेट खन्याएको बताए ।

‘यतिले पनि पुग्दैन भने १ सय ६५ निर्वाचन क्षेत्रमध्ये बाँकी रहेका सबै क्षेत्रको पनि बजेट दिउँ । यतिले पनि नपुग्ने देखेकाले खर्च कटौती होइन म पाँच रुपैयाँ थप्न चाहन्छु’ रोष्टममा ५ रुपैयाँ छोड्दै आक्रोश पोखे ।

अर्थमन्त्री वर्षमान पुनले गत जेठ १५ गते आगामी आर्थिक बर्षको लागि बजेट ल्याएका थिए । अन्य मन्त्रालयमा पनि खुद्रे योजना परेको भनेर सांसदहरुले आलोचना गरेका छन् । यही क्रममा सांसदहरुले मंगलबार भने भौतिक पूर्वाधार. मन्त्रालयमाथि आक्रोश पोखेका हुन् ।

## मिहिनेती...

माटे साग, पानी गाभा लगाएतका तरकारी देखि आरु, किम्मुदेखि आँप लिच्ची नहुने त कुरै भएन । बिहानको समयमा हरिया तरकारीले भरीभराउ हुन्छन् बजार । कोहि छिटुवामा राखेर तरकारी घर आगनमा पुर्याउदै हुन्छन् भने कोहि चोक चोकमा तरकारी बेच्न बसेका हुन्छन् ।

घोराही उपमहानगरपालिकाले फूटपाथमा तरकारी बिक्री गर्न छूट दिएको छ । बिहान ९ बजेसम्म र साँझ ५ बजेपछि फूटपाथमा तरकारी बिक्री गर्न पाइन्छ ।

## घरजग्गा...

बैंक, विभिन्न बीमा कम्पनी र वित्तीय कम्पनीहरूले रियलस्टेटमा गरेको लगानी ३५ अर्ब ७६ करोड ६० लाख पुगिसकेको छ । बैशाखसम्ममा बैंक तथा वित्तीय क्षेत्रले गरेको कूल ऋण लगानी ५१ खर्ब १२ अर्ब ५८ करोड ८० लाख रहेको छ । यसमध्ये वाणिज्य बैंकहरूले मात्रै गरेको कूल लगानी ४५ खर्ब २१ ऋर्ब ६८ करोड ५० लाख रूपैयाँ छ ।

## संस्था...

२०८२ साउन मसान्तसम्मको बैंक ग्यारेन्टी र कार्यालयको पूरा ठेगाना पेस गर्न भनेको छ ।

त्यसैगरी विभागले नवीकरणका लागि नवीकरण दस्तुर दश हजार रुपैयाँ जम्मा गरेको भौचरसहित सञ्चालक समितिको निर्णयसहित आर्थिक वर्ष २०७९/०८० को कम्पनी अद्यावधिक, करचुक्ता, शेयर लगत, आर्थिक वर्ष २०८०/०८१ मा सय जना कामदार पठाएको प्रमाण पेस गर्न भनेको छ । हाल दर्ता रहेकामध्ये असार मसान्तसम्ममा ८ सय व्यवसायीले तोकिएको संख्या सय पुऱ्याउने र करिब दुई सयको संख्या नपुग्ने विश्लेषण व्यवसायीले गरेका छन् । तोकिएको संख्या नपुऱ्याउनेमा केही राजनीतिक तथा सामाजिकरुपमा सक्रिय व्यवसायीहरु सञ्चालक रहेका कम्पनीहरु नै रहेको चर्चा छ ।

उनीहरुले नवीकरणका लागि सय संख्या अनावश्यक भन्दै यसअघि जस्तै वैदेशिक रोजगार ऐनको दफा ८२ प्रयोग गरी मन्त्रिपरिषद्ले बाधा अड्काउ आदेश जारी गरी सबै व्यवसायीको इजाजतपत्र नवीकरण हुने व्यवस्था गर्न श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोलप्रसाद अर्यालसहित प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’को पनि ध्यानाकर्षण गराइरहेका छन् ।

सरकारले असार महिनाको अन्तिम-अन्तिम समय अर्थात असार २७/२८ गतेतिर निर्णय गर्ने गरेको छ । यसअघि तत्कालीन मन्त्री शेरबहादुर कुँवरको पालामा भने असार पहिलो हप्तामा नै मन्त्रिपरिषद्ले बाधा अड्काउ फुकाउ आदेश जारी गरेको कारण संख्या सय पुऱ्याउन नपाएका व्यवसायीले तनाव झेल्नुपरेको थिएन ।

विभागले तालिम प्रदायक संस्थाहरुलाई नवीकरणको निवेदनका साथमा नवीकरण दस्तुर तिरेको रसिदसहित अघिल्लो वर्षको प्रगति प्रतिवेदन, संस्थाको भौतिक वित्तीय तथा जनशक्तिको विवरण, आर्थिक वर्ष २०७९/०८० को करचुक्तासहित पेस गरेका विवरण सही छन् झुटा ठहरे कानूनबमोजिम सहुँला बुझाउँला भनि सनाखत गरेको प्रतिबद्धता पत्र पनि साथमा पेस गर्नुपर्ने बताएको छ ।

त्यसैगरी विभागले घरेलु कामदार, केयरगिभर तालिम प्रदायक तथा सीप विकास तालिम प्रदायक संस्थालाई पनि असार मसान्तसम्म नवीकरणका लागि निवेदन दिन आह्वान गरेको छ । निवेदनका साथमा दश हजार रुपैयाँ नवीकरण दस्तुरसहित अघिल्लो वर्षका प्रगति विवरण, संस्थाको भौतिक वित्तीय तथा जनशक्तिको विवरण, आर्थिक वर्ष २०७९/०८० को करचुक्ता, लेखा परीक्षण प्रतिवेदन, अघिल्लो वर्ष तालिम प्रदान गरेको लैङ्गिक विवरण, जिल्ला, जातिगतसहितको प्रतिवेदन, मन्त्रालय र विभागबाट अनुगमन भएको मिति र दिइएका सुझाव कार्यान्वयनको अवस्था, कम्पनी अद्यावधिक तथा अघिल्लो वर्षको नवीकरण प्रमाणपत्रको प्रतिलिपि पेस गर्नुपर्ने विभागले बताएको छ ।

केयर गिभर तथा सीप विकास तालिम प्रदायक संस्थालाई नवीकरणका लागि संस्थाको निवेदनसहित अघिल्लो वर्षको प्रगति विवरण, तालिम प्रदान गरेको लैङ्गिक विवरण खुल्ने प्रतिवेदनसहित लेखा परीक्षण प्रतिवेदन, करचुक्ता, मन्त्रालय र विभागबाट अनुगमन भएको मिति र दिइएका सुझाव कार्यान्वयनको अवस्था तथा कम्पनी रजिस्ट्रार कार्यालयबाट अद्यावधिक तथा अघिल्लो वर्षको नवीकरण प्रमाणपत्र, कम्पनी अद्यावधिक र अघिल्लो आर्थिक वर्षसम्म संस्था नवीकरण प्रमाणपत्रको प्रतिलिपि सम्बन्धित संस्थाको सञ्चालकबाट प्रमाणित भएको हुनुपर्ने विभागले बताएको छ ।

त्यसैगरी विभागले सीप विकास तालिम प्रदायक संस्थालाई पनि नवीकरणका लागि आह्वान गरेको छ । सीपमूलक तालिम प्रदायक संस्थाहरुले नवीकरणका लागि निवेदनका साथमा कम्पनी दर्ता प्रमाणपत्र, आर्थिक वर्ष २०७९/०८० को लेखा परीक्षण तथा करचुक्ता प्रतिवेदन, अघिल्लो वर्ष तालिम प्रदान गरेको विवरण, संस्था दर्ताको अनुमति पाएको अनुमतिपत्र, अनुमतिपत्र लिने सम्बन्धमा पेस भएका प्रशिक्षक वा पछि प्रशिक्षक परिवर्तन भएको भए परिवर्तन भएको प्रशिक्षकको शैक्षिक योग्यतासहितको विवरण, घर भाडामा कार्यालय लिएको कम्तीमा दुई वर्षका लागि गरेको सम्झौतापत्रको प्रतिलिपि र संस्थाको शेयर बिक्री भएको भए त्यसको विवरणसहितका कागजात नोटरी पब्लिकबाट प्रमाणित भएको हुनुपर्ने विभागले बताएको छ ।

त्यसैगरी विभागले अभिमुखीकरण संस्थाहरुको पनि नवीकरण खुलाएको छ । त्यस्ता संस्थाले नवीकरणको निवेदनसहित आर्थिक वर्ष २०७९/०८० को विवरणमा कक्षा सञ्चालन भएको संख्या, महिला तथा पुरुष प्रशिक्षार्थी संख्या, कामदार उडाएको संख्या, कार्यालयको ठेगाना, सञ्चालक समितिको निर्णय, नवीकरणका लागि दश हजार जम्मा गरेको भौचर, अनुमतिपत्रको प्रतिलिपि, आर्थिक वर्ष २०७९/०८० कम्पनी अद्यावधिक, करचुक्ता तथा शेयर लगतसहित पेस गरेका कागजपत्र वास्तविक हुन् झुटा भए कानूनबमोजिम सहुँला बुझाउँला भन्ने व्यहोरा सनाखत गरेको प्रतिज्ञापत्रसहितको विवरण फेमिसमा अपलोड गरी हार्डकपी विभागको प्रशासन, योजना तथा संस्था दर्ता शाखामा बुझाउनुपर्ने विभागले बताएको छ ।

## देउवालाई...

पार्टीको वैदेशिक रोजगार समन्वय तथा आप्रवासन विभागका संयोजक तथा सदस्यहरुसँग आफ्नै निवास बुढानीलकण्ठमा छलफल गर्दै सभापति देउवाले वैदेशिक रोजगारमार्फत प्राप्त रेमिट्यान्सले मुलुकको अर्थतन्त्र चलायमान भएको र ब्यापार घाटा कम गर्न महत्वपूर्ण योगदान दिएको विषयमा पार्टी सचेत रहेको बताए । वैदेशिक रोजगार तथा श्रम आप्रवासनलाई सहयोग पुऱ्याउने विषयमा पार्टी संसदीय दलका सचेतकलाई लिखितरुपमा जानकारी गराउन पनि सभापति देउवाले विभागलाई निर्देशन दिएको विभागका सदस्य सञ्जय पनेरुले जानकारी दिए ।

पार्टीका केन्द्रीय सदस्य तथा विभाग प्रमुख प्रकाश रसाइली ‘स्नेही’ले वैदेशिक रोजगार ऐनमा रहेको इजाजत नवीकरणका लागि वार्षिक सय जना कामदार अनिवार्यरुपमा पठाउनुपर्ने बाध्यताले सिर्जना गरेको समस्या र त्यसले अन्तर्राष्ट्रियरुपमा दिएको नकारात्मक सन्देश, नेपाली दूतावासहरुले मागपत्र प्रमाणीकरण नगर्दा युरोपेली बजारमा नेपाली कामदारका लागि रहेको करिब ४० हजार रोजगारी गुमेकोलगायतका विषयमा सभापति देउवालाई जानकारी गराएका थिए ।

त्यस अवसरमा सभापति देउवाले नेपालले श्रम सम्झौता गरेका मुलुकसँगको श्रम सम्झौता नवीकरण नगर्दा वैदेशिक रोजगारीमा गएका नेपाली कामदार असुरक्षित रहेको विषयमा आफू जानकार रहेको भन्दै व्यवसायीको इजाजत नवीकरणलगायतका समस्या समाधानका लागि पार्टीका तर्फबाट पहल हुने पनि जानकारी दिएको व्यवसायी पनेरुले जानकारी दिए ।

छलफलमा विभाग प्रमुख रसाइली, सदस्य पनेरु र विभाग सदस्य अलर्ट ओभरसिजका देवकुमार खोखाली सहभागी थिए ।

# ‘अभियन्ता हौं’ भन्दै ठगी

**काठमाडौं/मस**-भ्रष्टाचार विरोधी अभियन्ता हौं भन्दै ठगी गरेको आरोपमा प्रहरी वृत्त बौद्धले चार जनालाई पक्राउ गरी सार्वजनिक गरेको छ ।

प्रहरीले पक्राउ गरेकामा काठमाडौं गोकर्णेश्वर नगरपालिका-६ बस्ने ३१ वर्षीय राजु सुनार, वडा नं.८ बस्ने २६ वर्षीय आदर्श क्षत्री, वडा नं. १ बस्ने २० वर्षीया अस्मिता खत्री तथा वडा नं.२ बस्ने ४५ वर्षीय प्रेमप्रसाद श्रेष्ठ रहेको जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता एवं प्रहरी उपरीक्षक नवराज अधिकारीले जानकारी दिए । उनले भने, ‘पक्राउ परेकाले आफूहरु भ्रष्टाचार विरोधी अभियन्ता हुँ भन्दै गोकर्णेश्वर नगरपालिकाभित्र गैरकानुनी रुपमा ‘बेथिति एवं भ्रष्टाचार विरुद्धको अभियान २०८०’ नामक संस्था स्थापना गरी ठगी गरेको आरोप छ ।’ निजहरुले विभिन्न वडाहरुमा त्यसका शाखा विस्तार गरी बिभिन्न सरकारी कार्यालय, स्थानीय निकाय, विद्यालय, संघसंस्था, कम्पनी, कलकारखाना, टोल सुधार एवं उपभोक्ता समितिमा गएर तपाईंहरुले आर्थिक अनियमितता गरेको भन्ने उजुरी हामी कहाँ परेको छ, त्यस विषयमा छानबिन गर्न आएका हौं भन्दै असम्बन्धित सूचना माग्ने गरेको प्रहरीले जनाएको छ ।

### ठूलो भऱ्याङको यातायात कार्यालय सारिँदै

# जनतालाई सास्ती दिने दुष्प्रयास राज्यलाई थप आर्थिक भार पर्ने

**मध्यान्ह संवाददाता**
काठमाडौं, ४ असार



बागमती प्रदेश सरकारले काठमाडौंको ठूलो भऱ्याङस्थित यातायात व्यवस्था कार्यालय अन्यत्र सार्ने निर्णय गरेको छ। यहाँ रहेको कार्यालय अन्यत्र सार्दा जनतालाई थप सास्ती दिने दुष्प्रयास भएको स्थानीहरूले आरोप लगाएका छन्।

बालाजुदेखि कलंकी हुँदै महाराजगञ्जसम्म अर्थात् पश्चिमी भेगका जनतालाई पायक पर्ने ठूलो भऱ्याङस्थित यातायातको लाइसेन्स कार्यालय हचुवाको भरमा अन्यत्र सारेर सो स्थानबाट सेवा लिँदै आएका सेवाग्राहीले थप सास्ती भोग्नुपर्ने अवस्था सिर्जना हुने स्थानीयहरूको भनाइ छ।

कलंकीदेखि सात दोबाटोसम्म अर्थात् दक्षिण भेगका लागि एकान्तकुना ललितपुरमा अवस्थित छ, भने सातदोबाटोदेखि गौशालासम्म अर्थात् पूर्वी भेगका लागि राधेराधे भक्तपुरमा अवस्थित छ।

त्यसैगरी गौशालादेखि बालाजुसम्म अर्थात् उत्तरी भेगका लागि चावहिलमा अवस्थित छ, भने बालाजुदेखि कलंकीसम्म अर्थात् पश्चिम भेगका लागि ठूलो भऱ्याङमा अवस्थित रहेको छ। यसरी चारैतिरका सेवाग्राहीहरुलाई सेवा दिन मिल्ने गरी यातायात व्यवस्था कार्यालय स्थापना भएको छ। हाल कुनै आधार बिना नै बालाजु र तीनकुनेमा थप गर्न खोज्नु नीतिगत भ्रष्टाचार बाहेक अरु हुन नसक्ने बताइन्छ।

ठूलो भऱ्याङबाट बालाजु करिब ३ कि.मि. रहेको छ, भने बालाजुबाट चावहिलको दूरी करिव ४ कि.मि. रहेको छ। त्यसैगरी चावहिलबाट तीनकुनेको दुरी ४ कि.मि रहेको छ। यसरी ३/४ कि.मि.दुरीमा यातायात व्यवस्था कार्यालय राख्दा देशलाई थप आर्थिक भार पर्ने जानकारहरू बताउँछन्।

उपत्यकामा हाल सञ्चालनमा रहेको चार वटा लाइसेन्स कार्यालयमा क्षमता अनुसार सवारी चालक अनुमति पत्र लिन सेवाग्रही नआइरहेको समयमा थप कार्यालय स्थापना गर्दा हुने राज्यलाई आर्थिक भारबाहेक अरु केही नहुने निश्चित छ।

तथ्यांक हेर्ने हो भने एकान्तकुना लाइसेन्स कार्यालयमा प्रत्येक दिन सवारी चालक अनुमतिपत्रका लागि सेवा दिन सकिने कार्यालयको क्षमता १२ सय जनाको हो, तर हाल दर्ता भने करिब २ सय २५ हाराहारीमा रहेको छ। त्यसैगरी ठूलो भऱ्याङ लाइसेन्स कार्यालयको सेवा दिन सकिने क्षमता १६ सय जनाको हो, तर हाल दर्ता भने करिब ३ सय जनाको मात्र रहेको छ। त्यस्तै चावहिल लाइसेन्स कार्यालयको क्षमता एक हजार जनाको हो, तर दर्ता भने करिब २ सय ७५ जनाको हाराहारीमा रहेको छ। भक्तपुर लाइसेन्स कार्यालयको क्षमता एक हजार जनाको हो, तर हाल दर्ता भने करिब २ सय ५० जनाको हाराहारीमा रहेको छ।

यसरी हेर्दा अहिले उपत्यकाको चारवटै कार्यालयको दैनिक सवारी चालक अनुमतिपत्रका लागि ४ हजार ८ सय जनालाई सेवा दिन सक्ने क्षमता छ, तर हाल एक हजार ५० सेवाग्राही पनि मुस्किलले आउँछन्। जुन कार्यालयको क्षमताको भन्दा झण्डै २५ प्रतिशतले कमी आइसकेको अवस्था हो। यहि अवस्था रहँदै जाने हो भने कार्यालय थप होइन भएका कार्यालयलाई पनि घटाउनुपर्ने अवस्था हुन सक्छ।

यस्तोमा बागमती प्रदेश सरकारले ठूलो भऱ्याङस्थित यातायातको कार्यालय सारेर नयाँ ठाउँमा कार्यालय स्थापना गरेर देशलाई थप आर्थिक भारमा पार्ने निर्णयबारे पुनर्विचार गर्नुपर्ने सचेत नागरिकहरूको राय रहिआएको छ।

# चुकी, अमान र ओम साइको आडमा शिवशक्तिको गोरख धन्दा

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, ४ असार




हिन्दु तथा मुस्लिमहरुको विभिन्न पर्वको नाममा रौतहटका स्थानीय तहले वितरण गर्दै आएको साडी वितरणमा यहाँका जनप्रतिनिधिहरुसँग मिलेर गौरमा रहेको शिवशक्ति इम्पोरियमले गोरख धन्दा सञ्चालन गर्दै आएको खुलासा भएको छ।

महालेखा परीक्षकको कार्यालयले सार्वजनिक गरेको आ.व ०७९/०८० को लेखापरीक्षणको रिपोर्टले शिवशक्तिले रौतहट जिल्लाका अधिकांश स्थानीय तहमा गरेको सैद्धान्तिक भ्रष्टाचारको पोल खुलेको हो। गौरमा रहेको शिवशक्ति इम्पोरियमले आफैं बोक्सी र आफैं झाँक्री बने झैं विभिन्न तीन वटा थप आफ्नै व्यापारीक फर्मबाट कोटेशन पेश गरी दर रेटलाई क्रमिक रुपमा घटी र बढी बनाइ पेश गरी कोटेशनमा साडी लगायत सामान बिक्री गर्ने गरेको रहस्य बाहिरिएको हो। सार्वजनिक खरिद ऐनमा भएको व्यवस्था अनुसार एउटा व्यापारीक फर्मले एक बिक्रेतासँग वर्षमा एउटा कोटेशन बढीमा १० लाख रुपैयाँसम्म कारोबार गर्न सक्ने प्रावधान रहेको छ, तर शिवशक्ति इम्पोरियमका सञ्चालकले झोलामा रहेको आफ्नै फर्म अमान ट्रेडर्स, चुकी इन्टरप्राइजेज र ओम साइ जनरल एण्ड अर्डर सप्लायर्सबाट सार्वजनिक खरिद ऐन विपरित एउटै स्थानीय तहमा १० लाख रुपैयाँ रकम बराबरको दुईदेखि तीन वटासम्म भुक्तानी लिएको महालेखाको प्रतिवेदनमा देखिएको छ। त्यस्तै केही स्थानीय तहमा सोही बिक्रेताले नियम विपरित करिब २० लाख बराबरको समेत भुक्तानी लिएको पाइएको छ।

शिवशक्ति इम्पोरियमले आफ्ना झोले फर्महरुमार्फत स्थानीय तहमा सप्लाई गरेको सो परिमाणको साडी संख्यामा समेत ठूलै चुहावट रहेको स्रोतबाट बुझिएको छ। भारतबाट भन्सार छलि गरी ल्याइएको कम मूल्यका सुति साडीलाई यी फर्मको माध्यमबाट १५ सयदेखि २ हजार रुपैयाँसम्म बिल बनाइ स्थानीय तहका जनप्रतिनिधि, प्रमुख प्रशासकीय अधिकृत, लेखा र स्टोरका कर्मचारीलाई मिलाई भुक्तानी लिइएको बुझिएको छ। त्यस्तै भ्याटको हिसाब मिलान गर्न शिवशक्तिले विभिन्न अलग-अलग व्यापारीहरुसँग फर्जी बिल समेत खरिद गर्ने गरेको बुझिन आएको हो। शिवशक्तिले विगतमा पनि यस्तै फर्जी बिल खरिद गर्ने कार्य गरी नेपाल सरकारको करोडौं रुपैयाँ राजस्व क्षति पुऱ्याएको भनी सो फर्म उपर राजस्व अनुसन्धान कार्यालयबाट ४ करोड ३६ लाख रुपैयाँ जरीवानासहितको मुद्दा अदालतमा दर्ता हुने प्रक्रियामा रहेको छ। यस सम्बन्धमा उद्योग वाणिज्य संघ रौतहटका अध्यक्ष पंडित जायसवालले जनप्रतिनिधिको लहैलहैमा लागेर गल्ती गर्ने वा राज्यलाई नोक्सान पुऱ्याउने फर्म स्वयम् जिम्मेवार हुने र गलत कार्यको पक्षमा उद्योग वाणिज्य संघ कुनै किसिमको साथ नदिने बताएका छन्।


VACANCY
ANNOUNCEMENT
A Reputed, pioneer and market leader in the field of Manpower Recruiting Business.
We Are Looking for the Following Positions:

- Accountant : 1 (M/F)
- Receptionist : 2 (Female)
- PRO : 2 (Male/Female)
- Documentation : 2 (M/F)

Salary: Negotiable

**Requirements:**
Minimum 2/4 Years of Experienced in related fields.
Bachelor's Degree Passed for Office secretary.

**Contact: 9810092580 | 9851043031**
Send the cv on : grandpearl1555@gmail.com

Grand Pearl International Pvt.Ltd.
Basundhara 3, Kathmandu, Nepal
4975660 | 4974560
Govt. Lic. No. 1555/079/080



HIMALAYAN LIFE
प्रधान कार्यालय हात्तीसार, काठमाडौं, नेपाल
फोन नं. ४४४१४१४, ५९७००५७, पो.ब.नं. २५९७९

**हकदाबी सम्बन्धी सूचना**

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएको ले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदावी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदावी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। सो अवधि भित्र दावी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरिने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ।

**तपसिल**

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| 1 | ULI7050001425 | ADIT TAMANG | NIRMALBASTI-06, PARSA |


# भेडापालक कृषकहरूलाई सामग्री हस्तान्तरण



**धनकृष्ण विक/मध्यान्ह**
बाजुरा, ४ असार

बाजुराको जगन्नाथ गाउँपालिका वडा नं.६ का भेडापालक कृषकहरुलाई सामग्रीहरु हस्तान्तरण गरिएको छ। भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र बाजुराको चालु आ.व २०८०/०८१ को कार्य लक्ष्य अनुसार बृहत् एवं विशेष उत्पादन कार्यक्रम अन्तर्गत ३० जना कृषकहरुलाई विभिन्न सामग्रीहरु हस्तान्तरण गरिएको हो।

कृषकहरुलाई एक/एक वटा, ब्रस कोरेसो १ जोडी, कैंची १ वटा, सिलिपिङ ब्याक १ वटा, लम बुट १ जोडी, सोलार १ वटा, औषधी पिपराजिन, आइभर मेटरिन, मिनिरल मिक्स, हिमेस, टिटी ओएल, साहिपर मेथिन, टिम्पल लगायतका सामग्री हस्तान्तरण गरिएको पशु सेवा केन्द्र बाजुराले जनाएको छ। जगन्नाथ गाउँपालिका वडा नं.६ मा आयोजित औपचारिक कार्यक्रम परिवर्तनशिल भेडापालन समितिका अध्यक्ष मिम बहादुर बुढाको अध्यक्षतामा भएको थियो।

कार्यक्रमको प्रमुख अतिथि भेटेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द बाजुराका कार्यालय प्रमुख शिद्वराज जैशी रहेका थिए भने विशिष्ट अतिथिहरुमा जगन्नाथ गाउँपालिका पशु शाखा प्रमुख विष्णु शाही, भेटेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र बाजुराका पशु स्वास्थ्य सहजकर्ता हस्त बहादुर शाही, कर्मचारी सुमन कुमार शाही लगायतको उपस्थिति रहेको थियो।

# अखिल नेपाल महिला संघ (क्रान्तिकारी) बाँफिकोटको अध्यक्षमा जैसी



**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, ४ असार

अखिल नेपाल महिला संघ(क्रान्तिकारी) बाँफिकोटको सम्मेलनले नयाँ नेतृत्व चयन गरेको छ। रिता जैसीको अध्यक्षतामा ३५ सदस्यीय गाउँ कमिटी गठन गरिएको हो। जसको उपाध्यक्षमा सुजता वि.क, देवी सुनार, अमृता बुढा, सचिवमा कमला मल्ल, सहसचिवमा नविना बोहरा र कोषाध्यक्षमा तिलसरा नेपाली चयन भएकी छिन्।

सम्मेलनको नेकपा माओवादी केन्द्रका कर्णाली प्रदेश कमिटी सदस्य तथा बाँफिकोट गाउँपालिका इन्चार्ज धर्मबहादुर केसीले ब्यानर पढेर उद्घाटन गरेका थिए।

सम्मेलनमा महिला अधिकारकर्मीको सवालको विषयमा समेत अन्तरक्रिया गरिएको थियो। सम्मेलनमा नेकपा माओवादी केन्द्र बाँफिकोट गाउँपालिका अध्यक्ष चन्द्र बहादुर केसी, जिल्ला समन्वय समिति रुकुम पश्चिमकी पूर्व उपप्रमुख इन्द्रिरा विएम र त्रिवेणी गाउँपालिका पूर्व उपाध्यक्ष निर्मला विष्ट लगायतको उपस्थित रहेको थियो।


**कारागार कार्यालय**
राजविराज, सप्तरी
मधेश प्रदेश, नेपाल
डेंगी

**डेंगीबाट बच्ने सम्बन्धी जानकारी मूलक सन्देश**

**सुरक्षित रहौं, रोकथाम गरौं, नियन्त्रण गरौं**

एडिज जातको लामखुट्टेले दिनको समयमा टोक्दछ। त्यसमाथि पनि बिहान र साँझको समयमा टोक्ने सम्भावना बढी भएकोले सो समयमा थप सचेत हुने।

आफ्नो घर वरिपरि, कार्यस्थल र सार्वजनिक ठाँउहरुमा पानी जम्न नदिने। पानी राख्ने भाँडालाई लामखुट्टे नछिर्ने गरि राम्ररी छोपेर राख्ने।

दिउँसो पनि लामखुट्टे भगाउने धूप बाल्ने र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने।

घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने।

बिहान, दिउँसो, राती जुनसुकै बेला झुल लगाएर मात्र सुत्ने।

पूरै शरिर ढाक्ने लुगा लगाउने।



हिमालय एअरलाइन्स्
HIMALAYA AIRLINES

**CAREER OPPORTUNITY**

Himalaya Airlines' network consists of Dammam, Dhaka, Doha, Dubai, Kuala Lumpur, Riyadh, Beijing, Chongqing, Lhasa, Qingdao and Shanghai. Interested candidates are requested to send in applications for the following posts not later than July 03, 2024, Wednesday.

First date of publication : June 19, 2024

**DEPARTMENT : COMMERCIAL, IT & GROUND OPERATIONS**

**IT Supervisor** | Vacancy Code : H9/CITGO/0062024 | Required No. : 01

**Duties and Responsibilities:**
• Leverage technology to optimize processes, analyze data, and support decision-making to drive revenue growth and operational excellence • Contribute to strategic planning efforts by providing insights into emerging technologies and IT trends that could impact sales, revenue, and analysis functions • Communicate and coordinate directly with China IT team and vendors for evaluating and recommending IT solutions and innovations that have the potential to enhance operational efficiency, revenue generation, and customer experience • Optimize IT infrastructure and resources to support the scalability and performance requirements of sales and revenue processes • Be responsible for Project Management, Technical Support, Systems Analyst and Software/ Hardware Tester

**Qualification Requirements:**
• Bachelor's degree from a reputed university with experience • Proficient in Chinese speaking and writing • Minimum 10 years of work experience in a related field with minimum of 5 years work experience in International Airlines

**DEPARTMENT : PLANNING, FINANCE & INTERNAL AUDIT**

**Cost Supervisor** | Vacancy Code : H9/PFIA/0012024 | Required No. : 01

**Duties and Responsibilities:**
• Control & Management of Revenue Software • Train staff about the Revenue Software • Compare software generated data with BSP and SIS • Prepare financial reports in Chinese language & standard format

**Qualification Requirements:**
• Minimum 10 years of experience in Finance and Accounting • Minimum 3 years of experience in international airlines • Minimum Bachelor's degree in Accounting / Finance

**DEPARTMENT : FLIGHT OPERATIONS CONTROL & SUPPORT**

**Operation Standards Supervisor** | Vacancy Code : H9/FOCS/0012024 | Required No. : 01

**Duties and Responsibilities:**
• Manage airbus world accounts for flight operations • Maintain airbus Manuals: FCOM/QRH/AFM both in the aircraft and in the library • Maintain all controlled company manuals • Set up EFB systems of the company • Write the EFB manual • Overall management of EFB systems • Coordinate with all concerned department for EFB operations • Train the users according to the syllabus • Overall coordination of New Sector Procedure implementation • Overall coordination of additional Operation types • Coordinate with the Chinese parent company regarding OSD policy and guidelines • Coordinate with Chinese authorities regarding compliance matters of Operation Standards.

**Qualification Requirements:**
• Bachelor's degree from a reputed university with experience • Good communication skills (written and spoken) both in English and Chinese • Should have at least 3 years or more experience in an Airlines

**Operation Center, Manager** | Vacancy Code : H9/FOCS/0022024 | Required No. : 01

**Duties and Responsibilities:**
**1) Crew Scheduling and Control:** • Crew planning, scheduling & control • Calculation of crew flight duty time limitation and rest period • Maintain crew qualifications and proficiency record • Crew leave planning • Workforce requirement analysis according to operations demand • Manage crew data /documents in crew planning software **2) Flight Dispatcher:** • Flight planning, Dispatch and Operations Control • Preparation of Operational Flight Plan documentation • Maintain Navigation Data, Charts, Maps and Route Manuals • Maintain ICAO Annexes / CAAN Regulations / Company Manuals • Maintain System Control Software Data /Documents • Coordinate with various department during Delay/Disruption • Flight Watch / Flight Monitoring during flight operation

**Qualification Requirements:**
• Minimum work experience of 15 years • Minimum 10 years of experience as a dispatcher in an International Airlines • Must have FOO/ Flight Dispatcher license • Bachelor's degree in Air Traffic Control System or relevant

Please fill-up the form & upload your updated resume, a copy of pp size photo, scanned copy (ies) of your qualifications & copy of citizenship etc. using the link: https://forms.gle/BM4gQPVTFp5VxjXe8. Only shortlisted candidates will be contacted. Phone calls will not be entertained.
Deadline: 15 days from the first date of publication.



GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka
Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.oscegmail.com
थप जानकारीको लागि
QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara,
Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoon@mos.co.np
www.harvestmoongroup.com

## सम्पादकीय

# अतिवादको पराजय

केही दिन यता संसारको ठूलो हिस्साका निम्ति दक्षिणी छिमेक भारतको चुनावी नतिजा समीक्षाको विषय बनिरहेको छ। संसारकै दोस्रो धेरै जनसंख्या बसोबास गर्ने मुलुक र पाँचौ ठूलो अर्थतन्त्र रहेको देशको चुनावी नतिजा समीक्षाको विषय बन्नु अस्वभाविक होइन । भारतको नतिजाले विश्व राजनीतिमै असर पार्ने भएकाले पनि त्यसबारे टिप्पणी हुने नै भयो । भारत, अमेरिका, चीन लगायत ठूला मुलुकहरूको चुनावी नतिजा सधैं समीक्षाको विषय हुनुमा विश्व राजनीतिमा पर्ने असर नै हो। तर यसपटक भारतको चुनावी नतिजाबारे नेपालमा समीक्षा हुनुको कारण यसअघि भन्दा भिन्न छ। किनकि धार्मिक एजेण्डा बोक्ने भारतीय जनता पार्टी (बीजेपी) ले अपेक्षा बमोजिम नतिजा ल्याउन सकेको छैन।

